


# जिवन्त जिवन

रिश्शो कोसेइ काइ अध्यक्षा निक्क्यो निवानो

## “संसारका सबै खुशी नभए आफुमात्र खुशी हुन असम्भब” भनेर बोध गर्ने



नयाँबर्षको शुभकामना छ।

कोरोनाको माहामारिले पोहोरसालदेखी हाम्रो जिवनमा धैरै असर पारेको छ। अचेल जापानको संक्रमण ह्वात्तै घटेको छ तर अरु देशहरुमा फेरी संक्रमण बढ्न थालेको छ। अझै पनि संक्रमणको रोकथामकोलागी हेलचेक्राइ नगरौ।

यो संस्थाको सदस्यहरुमा अरुप्रती दया गर्ने बानी नै छ तेसैले मन्दिरको दोजो बन्द भए पनि फोन, चिट्ठी र ईमेल गरेर तेदोरी गरी रहेका छन। धैरै सहरणिय कुरा हो।

मैले सधै यो कोरोनाको माहामारिमा नै मानिसले के कुरा साच्चै नै महत्वपुर्ण हो त भनेर बुझ्ने बेला हो भनेर आएको छु।

संक्रमण फैलिदै जादा ‘त्यो मान्छेलाई ठीक छ कि छैन ?” “खान बस्न पुगेको छ कि छैन?” “केटाकेटीलाई ठीक त होला?” भनेर सोच्नु नै मानिसकोनिम्ती सबैभन्दा महत्वपुर्ण कुरा हो। एस्तो सोचलाई अझै गहिरो बनाउदै हाम्रो दैनिकिलाई नियाल्दा हामीले अहिलेसम्म गरेर आएको कती कुरालाई छोडदा पनि चल्दो रहेछ जस्तो लाग्यो।

मैले जापानिमा “छोड्नु” को फर्केर हेर्नु भन्ने पनि अर्थ लाग्छ भनेर भनेको थिए। यो दुइ बर्षको माहामारिमा केलाई छोड्ने र केलाई फर्केर हेर्ने भन्ने कुरा हामी सबैले अझ केहि बुझ्यौ होला जस्तो लाग्छ।



यो कोरोनाको संक्रमण एदी जापानमा समाप्त भए पनि अरु देशमा रहेमा कुन बेला फेरी यहाँ त्रास छाउछ भनेर भन्न सकिन्न।

एस्ता कुराहरुलाई समेटेर म “२०२२ को निती तथा कार्यक्रम” हरु तलको रुपमा प्रस्तुत गर्दछु।

यो बर्ष हाम्रो संस्थापन भएको ८४ बर्ष र म गुरुको उत्ताधिकारी भएको ३० बर्ष भयो।

यो बर्ष पनि कोरोनाले सबैथोक पहिला जस्तो गर्न नमिल्ने होला र कोरोनाको संक्रमण कस्तो हुन्छ हेर्दै आस्था राखेर हामी सबै, श्रीमानश्रीमती, आमाबुवा, भबिष्यको निर्धारण गर्ने केटाकेटी युवा सबै कसरी आफुलाई बिकास गराउने हो कस्तो शिक्षा दिने हो र आफ्नो देशको संस्कृतिलाई कसरी संरक्षण गर्ने हो भनेर निर्माणत्मक रुपमा गम्भिर भएर काम गर्नु पर्छ भन्ने मेरो कामना छ।

पोहोरसाल पनि मैले भनेको हु कि श्रीमानश्रीमती (युवा पुस्ता) आमाबुवा (बयस्क पुस्ता) र हजुरबाहजुरआमा (बृध पुस्ता) सबै मिलेर “मान्छेलाई रोप्ने मतलब हुर्काउने” भन्ने आधारभुत कुरामा सर्बशक्ती खर्च गर्नु नै यो संस्था र समाजकोनिम्ती जरुरी छ भनेर।

एस्तो गर्न चाहिने आधार भनेको नै घरको शिक्षा हो। घरलाई ब्यबस्थित गर्ने कुरामा ध्यान दिएर राम्रो मानव बन्ने शिक्षा द्वारा अनुशाशित भए मात्र बिद्यालयको शिक्षा राम्रो हुन्छ र त्यो नै “मान्छेलाई रोप्ने” भन्ने कुरामा जोडिन जान्छ।

र घरलाई ब्यबस्थित बनाउनु भनेको “बुद्ध मुर्तिलाई पुज्ने” अनि ‘तीन अभ्यास, बिहान अभिबादन गर्ने, अरुले बोलाउदा, राम्रोसँग हजुर भन्ने र फुकालेको जुत्ता मिलाउने” महत्वपुर्ण हुन्छ भनेर भनेको थिए। यि कुरा हाम्रो संस्थाका सदस्यहरु सबैले सधै महत्व दिनु पर्दछ।

## असल राष्ट्र बनाउने कामना र तेस्कोनिम्ती निर्माणात्मक अभ्यास गम्भिर भएर

एस्तो काम गर्न बालक र युवालाई बिकास गर्न “२०२२ को निती तथ कार्यक्रम” मा “अझ आफ्नो राष्ट्रको संस्कृतिलाई बचाएर कसरी अझ असल राष्ट्र बनाउने” भन्ने कुरा थपेको छु।

जापानको प्राचिनकालको नाम “यामातो” हो। र यामातो अथवा दाइवा भनेको “बृहत शान्ति” भन्ने अर्थ लाग्छ र यो किसिमको मानसिकतासँग मिल्ने काम गर्नु नै राष्ट्रको आदर्शता हुन्छ।

पहिलाका राजकुमार शोतोकुले “शान्तिपुर्ण कार्य गर्नु” भनेर संबिधानको धारा १७मा समेत समेटेका थिए। त्योबेलामा खाली राखिएको मात्र होईन कि यो कुरा हाम्रो पहिचान र मनस्थितिमा शान्ति भएर नै राखिएको हो।

र हाम्रो राष्ट्रको एक बिशेषता भनेको सम्राट संस्था हो।

जापानी सम्राटहरुको थर हुँदैन। कहिले देखी हो थाहा छैन तर थर नभएको सम्राट संस्था भयो र एस्तो गरेको पनि आफु सबै जापानि मध्यको एक हु भनेर हो। जापान जबदेखी राष्ट्र भयो त्यो बेलादेखी धैरै कठिन कुराहरुको सामना गर्दै आयो। त्यो बेलामा पनि सम्राट संस्था आधार बनेर सबै मिलेर “शान्ति”कासाथ अघी बढेर नै कठिन समय पार गर्न सकेको हो।

दोस्रो बिश्वयुद्धपछी आर्थिक लाभको पछी लागेर तार्किक कुरा मात्र खोज्नाले आफ्नो इतिहास, संस्कृती र मानसिकतालाई भुल्दै गएको हो कि भनेर भनिन्छ।

अहिले संसार हेर्यो भने आफ्नो देश नै सबैभन्दा महत्वपुर्ण हो भन्ने लहर चलेको छ, एस्तो बेलाम हाम्रो "शान्ति" भनिने संस्कृतीलाई लिएर संसारकोनिम्ती जापानले धेरै कुरा गर्न सक्छ भन्ने कुरा बुझ्नु महत्वपुर्ण हुन्छ।

तेसो गर्न आफ्नो देश असल नबनी हुँदैन। असल राष्ट्रको कामना खाली राजनीतिज्ञहरुलाई मात्र सुम्पेर हुँदैन कि हामी एकएक मिलेर बृहत मन बनाएर निर्माणत्मक काम गम्भिर भएर गर्नु पर्दछ ।

## "मन उब्जालु बनाउने" भन्ने कुरा भनेको साचो आफुलाई बुझ्नु हो

मैले आस्थाको नितिमा भनेको जस्तै पोहोरसाल नोवेम्बर १५मा म गुरुको उत्ताधिकारी भएको ३० बर्ष भयो। एसो हेर्यो भने कती छिटो ३० बर्ष भयो जस्तो लाग्छ।

गुरुको उत्ताधिकारी हुने बित्तिकै "सबैजना एक पंक्तिमा भएर अघी बढ्न चाहन्छु" भनेर भनेको थिए।

सदस्यहरु सबैमा उस्तै बुद्धत्व छ । म पनि सबैजनासँग एक बोधिसत्व भएर बुद्धपथमा हिंड्न चाहन्छु भन्ने अर्थ थियो त्यो।

र म उत्ताधिकारी भएको अर्को बर्ष "नातेदरसँग भेट" भने शीर्षक राखेर जापानको १३० मन्दिर सबैतिर पुगे र सदस्यहरुसँग छलफल गरे।

हामी सबैजना एकअर्कासँग संबन्ध, भरोसा र असर गरेर बाचिरहेका हुनछौ। यो कुरालाई बृहतरुपमा हेरेमा मानिस मात्र होईन कि सम्पुर्ण ब्रह्मण्ड नै हाम्रो नातेदार भने पनि हुन्छ। र त्यो मध्यपनी मेरोनिम्ती सबैभन्दा नजिक भनेको नै सदस्यहरु हुन तेसैले "नातेदार भेट" भनेको हु।

"नातेदार भेट" भन्ने कुरा सुनेर संस्थापकले "नातेदार भन्ने शब्द धेरै राम्रो" अचेल निक्क्यो पनि खुशी भएर मन्दिर जान्छ" आदी भनेर धेरै खुशी हुनु भएको थियो। र "अझ चाडै उत्ताधिकारी बनाउनु पर्ने रहेछ" भनेर ठट्टा पनि गर्नु भएको थियो।

तर म उत्ताधिकारी भएको ८ बर्ष पछी १९९९ अक्टोबर ४मा उहाको ९२ बर्षमा निधन भयो। त्यो बेलासम्म केहि भएमा संस्थापकसँग छलफल गर्छु भन्ने थियो। उहाको निधनले मलाई आफ्नो खुट्टामा उभ्भिनु भनेर सिकाएको जस्तो लाग्छ।

संस्थापकको उपदेशलाई सरलरुपमा भन्ने हो भने, आमाबुवाको हेरचार, पित्री पुजा र बोधिसत्व कर्म नै हो।

तेस्मा पनि बोध्सत्व करा भनेको धर्मको मुल हो। बोधी कर्मलाई आफ्नो मनमा बुझेर बोधिसत्व पथमा हिंड्नु हो। र सरलरुपमा भनेमा दयालु मन बनाउनु हो। यि नै संस्थापकले भन्नु खोज्नु भएको मुल कुराहरु हुन।

अचेल संस्थापकद्वार प्रत्यक्ष उपदेश पाएका सदस्यहरु थोरै भएका छन। उहाको प्रत्यक्ष उपदेशबाट मुक्ती पाएकाहरुले आफ्नो अनुभव अरुलाई जरुर सुनाउनु होला।

म गुरुको उत्ताधिकारी भएदेखी भन्न खोजेको कुरा नै साचो अफुलाई बुझ्नु भन्ने कुरा हो। अरुको कुरा गर्न संसारको कुरा गर्न सजिलो छ तर सबैभन्दा आफुलाई बुझ्न जरुरी छ।

अब कसरी आफुलाई बुझ्ने हो त ? यो कुरा मनन गर्दै मैले संस्थापन को ६०औ बर्षमा "मनलाई उब्जालु बनाउने" भनेर मन भनेको बुद्धत्वको बिज रोप्ने बारी हो भन्ने लक्ष राखेर तपाईंहरुसँग मिलेर आजसम्म आएका हौ।

मानिसहरु धेरै जसो आफुमा सिमित कुरा मात्र छ र “म एस्तै हु” भनेर सोचेर आफुलाई संकुचित बनाउने या अहंकारी हुने गर्दछन । के त्यो साचो आफु हो त ?

शाक्यमुनिले पनि मानिस भएर पाउने दुख कष्टले नै सत्य र धर्मको बोध गरेका हुन । तेही भएर हामी पनि शाक्यमुनी जस्तै मानव हौ र यो सत्य र धर्म ग्रहण गर्ने शक्ती र समस्यालाई आफुले नै समाधान गर्ने क्षमता हामिमा पनि हुन्छ ।

एस्तो साचो आफु बुझेर मात्र आफुअघी भएको समस्यालाई सामाधन गरेर साचो रुपमा बाच्नुको अर्थ के हो थाहा पाउन सकिन्छ ।

तेही भएर “मनलाई उब्जालु बनाउने” भन्ने कुरा आखिरमा गएर साचो आफु बुझ्ने बाहेक अरु केहि होईन । हामी अहिले यो संसारमा बाचेर बुद्धको जस्तै मन लिएर अनि मानवको समस्यलाई सामाधन गर्ने क्षमता र कर्तब्य हामिमा छन भन्ने कुरा बुझ्नु नै सबैभन्दा महत्वपुर्ण हुन्छ ।

म गुरुको उत्ताधिकारी भएको ३० बर्ष भयो । यो समयमा जिबन्त जिउने सदस्यहरु धेरै बढेका छन । अर्कोतर्फ आफु के हो भनेर नचिन्ने पनि धेरै छन ।

अझै तेदोरी र मिचिबिकी गरेर साचो धर्मलाई ग्रहण गर्न सक्ने कोसेइ काइको सदस्य बनुन भन्ने कामना गर्दछु ।

यो बर्ष पनि कोरोना संक्रमण जारी नै छ र एसले हाम्रो भक्तिको कार्यक्रमलाई केहिनकेहि असर त पार्ने नै छ होला । तर जहाँसुकै दोजो भनेर अहिले यहाँ, त्यहाँ, जहाँसुकै भक्ती गर्ने ठाउँ हो भनेर समाजको सबैभन्दा सानो इकाइ परिवारलाई ब्यबस्थित गरेर भबिष्यका कर्णधारहरुसँग मिली आफुलाई अझ बिकास गर्दै जाऔ।